**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०३ जून २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगालको सामाजिक सुरक्षा योजना **अन्नपूर्णा योजना**को आज औपचारिक रूपले शुभारंभ भएको छ।
- राज्यमा भारतीय जनता पार्टी (भाजपा) सरकारले 20 जूनको दिन आधिकारिक रूपले 'पश्चिम बंगाल राज्य दिवस' मनाउने घोषणा गरेको छ।
- राज्यपाल आर. एन. रविले आज मेदिनीपुर जिल्ला स्थित विद्यासागर विश्वविद्यालयको दीक्षांत समारोहमा भाग लिनु भयो।
- दार्जिलिङस्थित टुरिस्ट लजमा जीटीए (GTA) का पदाधिकारीहरूबीच एक प्रशासनिक बैठक सम्पन्न भयो।
- प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा नेपालका राष्ट्रीय स्वतंत्र पार्टीका अध्यक्ष रबी लामिछानेसित भेट गर्नुभयो।

**पश्चिम बंगाल - अन्नपूर्णा योजना**

पश्चिम बंगालको सामाजिक सुरक्षा योजना **अन्नपूर्णा योजना**को आज औपचारिक रूपले शुभारंभ भएको छ। शहरी विकास, महिला अनि बाल विकास तथा समाज कल्याण मंत्री अग्निमित्रा पॉलले नवन्नामा योजनाको उद्घाटन गर्नुभयो। मुख्यमंत्री शुभेंदु अधिकारी पनि यस अवसरमा उपस्थित थिए। पहिलो चरणमा, लाभार्थिहरुलाई आजदेखि उनीहरुको बैंक खातामा तीन हजार रुपियाँ प्राप्त हुन शुरु हुनेछ। अनुमान गरिए अनुसार यो योजनाले लगभग दुइ करोड़ मानिसलाई लाभ हुनेछ। शुरुआतमा 28 लाखभन्दा अधिक लाभार्थिहरुको खातामा राशि पठाईएको छ। हरेक सात दिनपछि सूची बढ्ने छ।

मुख्यमंत्री शुभेंदु अधिकारीले भन्नुभयो राज्य प्रशासनका अधिकारिहरुको अथक प्रयासले योजनाको संचालन तुरंत शुरू गर्न संभव भयो। मंत्री अग्निमित्रा पॉलले भन्नुभयो, लक्ष्मी भंडार योजनामा ठुलो मात्रामा धोखाधड़ी थाहा लागेको कारण सरकारले अन्नपूर्णा योजनालाई लिएर अतिरिक्त सावधानी अपनाएको छ| उद्घाटन पछि, प्रत्येक ब्लॉक अनि नगरपालिका क्षेत्रमा 100 चयनित लाभार्थिहरुलाई स्वीकृति पत्र सौंम्पिने कार्यक्रम छ। कोलकाता नगर निगम क्षेत्रमा पनि 100 लाभार्थिहरुलाइ स्वीकृति पत्र प्राप्त हुनेछ। खबर अनुसार, लाभार्थिहरुको सूचीलाई संबंधित उप-विभागीय अधिकारिहरु, बीडीओ अनि नगर निगम अधिकारीहरुको सिफारिशको आधारमा अंतिम रूप दिइने छ। लाभार्थिहरुलाई पंजीकरण गर्नका लाग 90 दिनको समय दिइएको छ।

**अग्निमित्रा पाल**

राज्यकी महिला एवं शिशु कल्याण मंत्री अग्निमित्रा पालले भन्नुभयो, अन्नपूर्णा भंडार योजना केवल आर्थिक सहायता प्रदान गर्ने योजना होइन, तर महिलाहरुलाई आत्मनिर्भर अनि सशक्त बनाउने एक महत्वपूर्ण पहल हो। उहाँले आज भन्नुभयो भाजपा सरकार बनेपछि जुन प्रकारले महिलाहरुको आर्थिक सशक्तिकरणलको संकल्प लिएको छ, त्यसलाई अब धरातलमा उतार्ने काम भइरहेको छ।

पत्रकारहरुसितको बातचीतमा मंत्री पालले भन्नुभयो उहाँको निम्ति यो गर्व अनि सम्मानको विषय हो कि मुख्यमंत्री शुभेंदु अधिकारीको नेतृत्वमा महिलाहरुका लागि लिए शुरू गरिएको अन्नपूर्णा भंडार योजना अन्तर्गत लाखौ महिलाहरुको खातामा डायरेक्ट बेनिफिट ट्रांसफर (डीबीटी) को माध्यमले सहायता राशि भुक्तान गरिएको छ।

**राज्यपाल आर. एन. रवि**

राज्यपाल आर. एन. रविले आज मेदिनीपुर जिल्ला स्थित विद्यासागर विश्वविद्यालयको दीक्षांत समारोहमा भाग लिनु भयो।विश्वविद्यालयका कुलाधिपतिको रूपमा उहाँले यस कार्यक्रमको अध्यक्षता गर्नुभयो। राज्यपाल बिहान लगभग 11 बजे विद्यासागर विश्वविद्यालय पुग्नुभयो।जानकारी अनुसार, दीक्षांत समारोह विश्वविद्यालयको विवेकानंद हलमा आयोजित गरिएको थियो। वर्ष 2023 मा 22 औ दीक्षांत समारोह सात नवम्बरमा आयोजित गरिएको थियो। त्यसपछि केहि कारणहरुले गर्दा दुइ बर्षसम्म दीक्षांत समारोह आयोजित गरिएको थिएन। दुइ बर्षपछि विद्यासागर विश्वविद्यालयमा दीक्षांत समारोह आयोजित गरियो जसमा राज्यपाल सामेल भए।

**'मां आहार' योजना**

पश्चिम बंगालमा सत्तारूढ़ भाजपा सरकारले पूर्ववर्ती तृणमूल कांग्रेस सरकारको जनकल्याणकारी योजना 'मां कैंटीन'लाई जारी राख्ने फैसला गरेको छ। यधपि, योजनाको नाम परिवर्तन गरी अब 'मां आहार' गरिनेछ। यसका साथै सरकारले राज्यभरि यस योजनाको विस्तारको पनि घोषणा गरेको छ।

आज नवान्नमा नयाँ सरकारको पूर्ण मंत्रिपरिषदको पहिलो बैठक पछि पंचायत एवं ग्रामीण विकास मंत्री दिलीप घोषले यो जानकारी दिनुभयो। श्री  घोषले भन्नुभयो हालसम्म राज्यमा 390 केंद्रहरुले यस योजना अन्तर्गत भोजन उपलब्ध गराईन्थ्यो। अब 110 नयाँ 'मां आहार' केंद्र स्थापित गरिनेछ। त्यसपछि राज्यमा कुल 500 केंद्रहरुबाट मात्र पांच रुपियाँमा भोजन उपलब्ध गराईने छ।

उहाँले भन्नुभयो, सरकारको प्राथमिकता गरीब अनि आवश्यकहरुलाई सस्तो  दरमा पौष्टिक भोजन प्रदान गरिरहनु हो। यसै उद्देश्यले योजनालाई बंद गर्नुको साटो यसको विस्तार गर्ने निर्णय लिइएको हो।

**सौरव गांगुली सुरक्षा**

राज्य सरकारले भारतीय क्रिकेट टीमका पूर्व कप्तान अनि भारतीय क्रिकेट नियंत्रण बोर्ड (कैब)का पूर्व अध्यक्ष सौरव गांगुलीको सुरक्षा व्यवस्थामा कटौती गर्ने निर्णय गरेको छ। हालसम्म सौरवलाई 'जेड' श्रेणीको सुरक्षा प्राप्त थियो, तर अब उनीलाई 'वाई' श्रेणीको सुरक्षा दिइने छ।

यस संबंधमा सौरव गांगुलीसित प्रतिक्रिया लिने कोशिश गरिए पनि, श्री गांगुलीले यस मुद्दामा कुनै टिप्पणी गर्न चाहेनन।

मुख्यमंत्री शुभेंदु अधिकारीले पदभार संभाले पछि नवान्नमा आयोजित एक बैठकमा स्पष्ट गर्नुभएको थियो कि जुन व्यक्तिहरुलाई वास्तविक खतरा छैन, उनीहरुलाई अनावश्यक सुरक्षा उपलब्ध गरिने छैन।

**पश्चिम बंगाल-टीएमसी विभाजन**

पश्चिम बंगालमा तृणमूल कांग्रेसमा उथल-पुथल बीच राजनीतिक घटनाक्रम तिब्र बनेको छ। तृणमूल कांग्रेसबाट निष्कासित विधायक ऋतब्रता बनर्जीले राज्य विधानसभामा विपक्षको नेता पदमा दाबी गर्दै 58 विधायकहरुको समर्थनको दाबी गरेको छ। विधानसभा सूत्र अनुसार, 58 विधायकहरु द्वारा हस्ताक्षरित एक पत्र अध्यक्ष रथिंद्र बोसलाई सौंम्पिएको छ, जसमा बनर्जी गुटलाई "वास्तविक तृणमूल कांग्रेस"को रूपमा मान्यता दिने मांग गरिएको छ। यस गुटले मुर्शिदाबादको रघुनाथगंजका विधायक अखुज्जमानलाई मुख्य सचेतक नामित गरेको छ। एंटालीबाट संदीपान साहा अनि कस्बाबाट जावेद खानलाई उपनेताको रूपमा प्रस्तावित गरिएको छ। गुटले दाबी गरे अनुसार पत्र सौंम्पिएकोको समय सबै 58 समर्थक विधायक विधानसभामा उपस्थित थिए। उनीहरुले अध्यक्षलाई यो पनि सूचित गरेको छ कि चाडै अन्य छ विधायकहरुको समर्थन प्राप्त हुने आशा छ। यसै बीच, तृणमूल कांग्रेसले शोभनदेब चट्टोपाध्यायलाई सदनका प्रतिपक्ष नेता, आशिमा पात्रा अनि नयना बंदोपाध्यायलाई उपनेता अनि फिरहाद हकीमलाई मुख्य सचेतक घोषित गरेको छ। कोलकातामा एक रैलीलाई संबोधित गर्दै पूर्व मुख्यमंत्री ममता बनर्जीले भाजपा माथि विभाजनको षडयन्त्र रचेको आरोप लगाउनु भयो।

यसैबीच, तृणमूल कांग्रेसका केहि नेताहरु आज नवान्नमा आयोजित मुख्यमंत्री शुभेंदु अधिकारीको प्रशासनिक बैठकमा सामेल भए। बैठकमा तृणमूल नेता फिरहाद हकीम, कुणाल घोष, नयना बंद्योपाध्याय, अशोक देव समेत अन्य विधायक उपस्थित

थिए। उनीहरुको उपस्थितिलाई पार्टी भित्र चलिरहेको मतभेद अनि नेतृत्व संघर्षको संदर्भमा महत्वपूर्ण मानिएको छ।नवान्नमा कोलकाता, हावड़ा अनि दक्षिण 24 परगना जिल्लाहरुलाई प्रशासनिक समीक्षा बैठक आयोजित गरिएको थियो।

## जीटीए प्रशासनिक बैठक

दार्जिलिङस्थित टुरिस्ट लजमा नवनिर्वाचित विधायकहरू, दार्जिलिङ जिल्ला प्रशासन, पुलिस प्रशासन तथा जीटीए (GTA) का पदाधिकारीहरूबीच एक प्रशासनिक बैठक सम्पन्न भयो। उक्त बैठकमा विभिन्न प्रशासनिक तथा विकाससम्बन्धी विषयहरूमा छलफल गरियो। साथै, पश्चिम बंगाल सरकारद्वारा सञ्चालित अन्नपूर्णा योजनाअन्तर्गत दार्जिलिङ क्षेत्रका १० जना लाभार्थीहरूलाई अन्नपूर्णा प्रमाणपत्र वितरण गरियो।
बैठकमा सहभागी सबै पक्षहरूले जनकल्याणकारी योजनाहरूको प्रभावकारी कार्यान्वयन तथा क्षेत्रीय विकासका लागि समन्वयात्मक रूपमा कार्य गर्ने प्रतिबद्धता व्यक्त गरे।

## अन्नपूर्णा योजना कार्यक्रम सिलीगुड़ी

राज्यका विभिन्न जिल्लाहरुमा झैँ **अन्नपूर्णा योजना** कार्यक्रम सिलीगुड़ीमा पनि दार्जिलिंग जिल्ला प्रशासनको तर्फबाट एक विशेष कार्यक्रम आयोजित गरियो।
यस अवसरमा  जिलाधिकारी सहित अन्य प्रशासनिक अधिकारीहरु उपस्थित थिए। साथै भाजपा कार्यकर्ताहरु पनि कार्यक्रममा भागीदारी बने।कार्यक्रम अवधि प्रतीकात्मक रूपमा केही लाभार्थी महिलाहरुलाई योजनाको स्वीकृति प्रमाण पत्र (सर्टिफिकेट) प्रदान गरियो।जिला प्रशासन अनुसार, चरणबद्ध तरीकाले सबै पात्र महिलाहरुको बैंक खातामा यो राशि पठाईने छ।प्रशासनले बताए अनुसार यो योजनाको माध्यम मार्फत महिलाहरुको आर्थिक स्थिति मजबूत हुनेछ अनि उनीहरु आत्मनिर्भर बन्न सक्नेछ।

## अन्नपूर्ण योजना सांसद बिष्ट

दार्जिलिङका सांसद तथा भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय प्रवक्ता राजु बिष्टले आज दार्जिलिङमा पश्चिम बंगाल सरकारको महत्वाकांक्षी 'अन्नपूर्णा योजना' को उद्घाटन कार्यक्रममा सहभागिता जनाउँदै यसलाई महिलाको सशक्तीकरणका लागि दूरदर्शी र ऐतिहासिक पहल भएको बताउनु भएको छ।

***यस योजनाअन्तर्गत पश्चिम बंगालका २५ देखि ६० वर्ष उमेर समूहका सबै योग्य महिलाहरूलाई आधारसँग जोडिएको बैंक खातामा प्रत्यक्ष लाभ हस्तान्तरण (DBT) मार्फत मासिक ₹३,००० प्रदान गरिनेछ। सांसद बिस्टले योजनाले राज्यभरिका लाखौं आमा, दिदीबहिनी र छोरीहरूलाई आर्थिक सम्मान र आत्मनिर्भरताको नयाँ युगतर्फ अघि बढाउने विश्वास व्यक्त गर्नुभयो। डी बि टी प्रणालीमार्फत लाभार्थीको खातामा प्रत्यक्ष रकम जम्मा गरिने भएकाले जनतामा सुशासनप्रतिको विश्वास अझ बलियो बन्ने बिश्वास श्री बिष्टले जताउनु भयो। उहाँ अनुसार यस योजनाले परिवारको खाद्य सुरक्षा र पोषणमा सुधार ल्याउनुका साथै महिलामाथिको दैनिक आर्थिक दबाबलाई पनि उल्लेखनीय रूपमा कम गर्नेछ। योजनाले महिलाहरूलाई परिवारको समग्र कल्याणमा थप ध्यान केन्द्रित गर्न सहयोग पुग्ने भन्दै सांसद बिष्टले महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तीकरणमा यसको दूरगामी प्रभाव रहने बताउनु भयो। यसका साथै, घरायसी खर्च क्षमता बढेसँगै स्थानीय अर्थतन्त्रलाई समेत गतिशील बनाउन यस योजनाले महत्वपूर्ण भूमिका खेल्नेमा सांसद बिष्टले बिश्वास जताउनु भयो।***

## प्रधानमंत्री -नेपाल

प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा नेपालका राष्ट्रीय स्वतंत्र पार्टीका अध्यक्ष रबी लामिछानेसित भेट गर्नुभयो। सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो, नेपाल भारतको छिमेकी प्रथम, नीति अन्तर्गत एक प्रमुख साझेदार हो। उहाँले भन्नुभयो भारत दुवै देश बीच विशेष अनि बहुआयामी संबंधहरुलाई नयाँ ऊंचाइमा लैजानका लागि नयाँ सरकारसित सहयोग गर्न उत्सुक छ। प्रधानमंत्रीले लामिछानेको साझा अनि समृद्ध भविष्यका लागि मिलेर काम गर्ने विचारहरुको पनि स्वागत गर्नुभयो।

## भाजपा मिरिक प्रतिनिधि

मिरिक महकुमा शासक कार्यालयमा मिरिक क्षेत्रका महिला लाभार्थीहरूलाई अन्नपूर्ण योजना मार्फत तीन हजार रूपियाँको दरले रकम भुक्तान गरियो।यस अवसरमा बोल्दै भारतीय जनता पार्टीका नेता एम के जिम्बा, मिरिक मण्डल अध्यक्ष अमर राणा अनि गोपालधारा सियोक अनि ओकेटी मण्डल संयोजक अरूण घिसिङसहितको प्रतिनिधिले राज्य सरकारले दिएको वचन अनुसार आजदेखि राज्यभरि अन्नपूर्ण योजना शुरू भएको छ भन्दै योजनाक लाभ योग्य अनि भारतीय महिलाहरूले उठाँउन सक्ने बताए। उनीहरूले राज्यका महिलाहरू अत्तालिनु पर्दैन भन्दै सबैले नै यसको लाभ पाउने बताए।

**रिम्बिक–लोधोमा**

रिम्बिक लोधोमा समष्टिका (IGJF) प्रमुख संयोजक बुद्ध लक्समले वर्तमान राज्य सरकारद्वारा सञ्चालनमा ल्याइएको अन्नपूर्ण भण्डार योजना सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै योग्य लाभग्राहीहरूलाई सचेत र जिम्मेवार ढंगले फारम भर्न आग्रह गरेका छन्। क्षेत्रमा आयोजित जनसम्पर्क तथा जागरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले योजनाको उद्देश्य, आवश्यक कागजात तथा आवेदन प्रक्रियाबारे जानकारी गराएका थिए। उनले कुनै पनि प्रकारको गलत सूचना वा अफवाहमा नपरी आधिकारिक निर्देशिका अनुसार मात्र फारम भर्नुपर्नेमा जोड दिए।

****** ० ******